नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो
गृह मन्त्रालय

# प्रहरीप्रधान कार्यालय

## केन्द्रीय अनुसन्धान ब्यूरो

फोन: ०१-४४११७७६
Ext: १०१७
फ्याक्स : ०१-४४१४३९१
पो.ब.नं.४०७
महाराजगंज, काठमाडौं

मिति: २०७८/११/०१ गते।

## प्रेस विज्ञप्ती - ६६

नेपाल राष्ट्र बैंक ऐन,२०५८ र विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ बमोजिम नेपाल राष्ट्र बैंकवाट २०७४/०४/२९, २०७८/०५/२४ र २०७८/१०/०९ मा Virtual Currency/Cryptocurrency अन्तर्गतको कारोवार व्यवसाय तथा Digital Networking Business गैर कानूनी रहेको सम्बन्धी जारी भएको सूचना विदितै छ।

सो सम्बन्धमा, क्रिप्टोकरेन्सी, हाईपरफण्ड तथा डिजिटल नेटवर्किङ लगायतको कारोवार नेपालमा प्रतिबन्धित भई यस कार्यालयवाट समेत निग्रानी भईरहेको र विगतमा संलग्न व्यक्तिहरु उपर अनुसंधान गरी कानून बमोजिम कारवाही समेत भईसकेको हुँदा उक्त व्यवसायहरु संचालन तथा कारोवार नगर्न नगराउन हुन एवं यससँग सम्बन्धित कुनैपनि कृयाकलापमा संलग्न भए गरेको पाईए कडाईका साथ कानूनी कारवाहीको प्रकृया अगाडी बढने व्यहोरा समेत सबैमा सूचित गरिएको छ।

साथै, यस्ता गैर कानूनी कृयाकलापमा संल्गन व्यक्ति वा संस्थाका बारेमा कुनै जानकारी भए यस कार्यालयलाई सूचना उपलब्ध गराई सहयोग गरि दिनु हुन समेत अनुरोध गरिएको छ।

**विद्यमान कानूनी व्यवस्था (नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ९६, दण्ड सजाय):**
कसूर गर्ने व्यक्तिलाई उक्त कसूरसंग सम्बन्धित बिगो जफत गरी बिगोको तीन गुणासम्म जरिबाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय र बिगो कायम गर्न नसकिने अवस्थामा कसूरको मात्रा हेरी बढीमा दश लाख रुपैयासम्म जरिबाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुनेछ।

उप निर्देशक
(श्याम कुमार महतो)
प्रहरी उपरीक्षक
प्रवक्ता एवं सूचना अधिकारी
सम्पर्क नं. ९८५१२९१३११